**भूमि तथा कृषि अधिकार अभियान**

मासिक अपडेट

**डिसेम्बर, २०१७**

आत्मनिर्भर केन्द्र

राष्टिय भमि अधिकार मञ्च, नेपाल

(सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले डिसेम्बर महिनामा गरेको गतिविधिको संक्षिप्त अपडेट )

### संयुक्त पुर्जा बनाउने थपिए

महोत्तरीमा ३५, रौतहटमा १२, सर्लाहीमा ९,बर्दियामा ३४, दाङ्गमा ३, सिन्धुपाल्चोकमा ११० र उदयपुरमा २१ गरी जम्मा २२४ जोडीले संयुक्त पुर्जा बनाई ५०.६५ हेक्टर जमिनमा समान स्वामित्व कायम गरेका छन् ।



"संयुक्त पुर्जा निर्माण पछि सबै कुरामा दूवै जनाको जिम्मेवारी बढेको अनुभूति भएको छ।" भरत माझी

"श्रीमानले कुरा बुझेर मेरो नाममा पनी जग्गा राखि दिनु भयो म धेरै खुशी छु।" माया माझी, रौतहट ।

**संयुक्त पुर्जा बनाएका जोडी सम्मानित**

रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नं ९ सिमरा भवानीपुरका १८ जोडीलाई लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत संयुक्त लालपुर्जा बनाएका १८ जोडीलाई दोसल्ला ओडाई सम्मानित गरिएको छ । कार्यक्रम जिल्ला भूमी अधिकार मञ्चकी उपाध्यक्ष फुलमती कुशवारको अध्यक्षता, गुजरा नगरपालिकाका उपमेयर रौशन खातुनको प्रमुख आथित्य, नवनिर्वाचित ७ जना महिला वडा सदस्यको विशेष आतिथ्यमा सम्पन्न सो सम्मान कार्यक्रममा ५२ जना (३६ महिला, १६ पुरुष) को सहभागीता थियो ।



**६ वटा नयाँ गाउँ मञ्च थपिए**

यस महिना रौतहटमा ६ बटा गाउँ मञ्च्हरु थपिएका छन् । निर्माण भएका ६ गाउँ मञ्चमा १४६ महिला र ८५ पुरुष गरि २३१ जना संगठित भएका छन् ।

## मोही किसानले हक पाए

बर्दियामा २४ ,सिन्धुपाल्चोकमा २ र दाङ्गमा ३ गरी जम्मा २९ मोही किसानहरुले मोही हक वापत १०.३५ हेक्टर जग्गा प्राप्त गरेका छन् । मोही किसानलाई हक उपलब्ध गराउनका लागि आत्मनिर्भर सेवा केन्द्र र जिल्ला भूमि अधिकार मञ्चले लामो समयदेखि विभिन्न अभियान सञ्चालन गर्दै आईरहेको थियो । मोहि जग्गा वापतको जग्गा वितरण गर्न आवश्यक प्रमाण र कागजात सङ्कलन गर्न, मोही किसानलाई जग्गा बाँडफाँटका लागि निवेदन पेश गर्ने लगायतका सबै प्रक्रियामा भूमि अधिकार मञ्च र आत्मनिर्भर सेवा केन्द्रले सहजीकरण गरेको थियो ।



**भूमि घर निर्माणको लागी जग्गा प्राप्ती**

सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिकाका श्याम खड्काले ५ आना र बाह्रविसे नगरपालिकाका अम्बर बहादुर तिमल्सिनाले ३ आना जग्गा भूमी घर बनाउन निशुल्कः सहयोग गरेका छन् । प्राप्त जग्गाको मूल्याङ्कन क्रमशः ३२ लाख र ९ लाख रहेको छ ।

## बिस्थापितले जग्गा खरिद गरे

भूकम्पबाट विस्थापित रसुवाका ७८ घरपरिवारले घर बनाउन जग्गा खरिद गरेका छन् । यसमध्ये ७२ परिवारको संयुक्त पुर्जा बनेको छ । जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रको सहजीकरणमा जग्गा खरिदको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले प्रति परिवार २ लाख रुपैंया उपलब्ध गराएपछि प्रति परिवार औसतमा ०.०१२ हेक्टर हुनेगरी जग्गा खरिद गरिएको हो ।



## तालिम तथा शिविर

बर्दिवास नगरपालिका वडा नं ८ हाथिलेटमा ६१ जनाको ( ५१ महिला १० पुरुष ) सहभागीतामा संयुक्त पुर्जा शिविर आयोजना भएको छ । पूर्णकालिन कार्यकर्ता सुमित्रा सुवेदी र सरिता बस्नेतको सहजीकरणमा संचालित कार्यक्रममा भूमिमा महिला अधिकार, भूमिको महत्व, संयुक्तपुर्जा किन भन्ने विषयमा छलफल भएको थियो ।

जिल्ला मञ्च सर्लाहीले बागमति नगरपालिकाका उपमेयर लिला मोक्तानको प्रमुख आथित्य र निर्वाचित वडा सदस्य, राजनैतिक दलका प्रतिनिधी, गाउँ मञ्चका अगुवा, स्थानिवासी र महिला अधिकारकर्मी सहित ६० जना (५५ महिला र ५ पुरुष) को सहभागीतामा १ दिन महिला अधिकार शिविर आयोजना गरिएको छ । कार्यक्रममा भूमीमा महिला अधिकारका विषयमा पूर्णकालीन कार्यकर्ता भवानी घिमिरेले प्रशिक्षण दिनुका साथसाथै जिल्ला संयोजक मदन बहादुर विश्वकर्माले कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा उपस्थित वडाध्यक्ष लगायत राजनैतिक दलका प्रतिनिधीहरुले भूमि अधिकार मञ्चको अभियानलाई सबै राजनैतिक दल र निर्वाचित प्रतिनिधिहरु सहितको समन्वयमा सफल बनाउने प्रतिबद्दता जाहेर गर्नु भएको थियो ।

## गाउँ ब्लक पूर्जा वितरण

जिल्ला नापी कार्यालय महोत्तरी र जिल्ला भूमि अधिकार मञ्चको संयुक्त आयोजनामा डाम्हीमडै ८८७, गोनरपुरामा ८५६ र बधियाबञ्चौरीमा ७३१ मा गरी जम्मा २४६१ गाउँ ब्लक वासीहरुको लालपुर्जा वितरण गरिएको छ । गाउँ ब्लक पूर्जा वितरणका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र जिल्ला भूमि अधिकार मञ्चले आवश्यक कागजात तथा प्रमाण संकलन र पूर्जा वितरणका लागि सहजीकरण गरेका थिए ।



## गुठी पूर्जा निर्माण

सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँ पालिका वडा नं १ का ४१ गुठी परिवारले २४.९९ हेक्टर जमिनको गुठी पुर्जा निर्माण गरेका छन् । यसका साथसाथै सिन्धुपाल्चोक जिल्लाकै मेलम्ची नगरपालिकाका १२८ गुठी परिवारको ६.८४ हेक्टर जमिनमा गुठी पुर्जा निर्माण गरेका छन् । भूकम्पबाट प्रभावित भएर पनी जग्गाको पुर्जा नभएका कारणले अनुदान सम्झौता गर्न नसकेका घरधुरीको अब अनुदान सम्झौताका लागि बाटो खुलेको छ ।



नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन बिभाग
मालपोत कार्यालय सिन्धुपाल्चोक

ज.ध.प्र.पुर्जा नं:-

प्रमाणको लागि

जग्गाधनीको नाम थर :- श्री पशुपतिनाथ महास्थान गुठी
ठेगाना :- जिल्ला:- सिन्धुपाल्चोक गा.वि.स./न.पा.:- फटकशिला वडा नं.:-
नागरीकता /दर्ता नं. :- कार्यालय :- नवुलेजो , सिन्धुपाल्चोक
मिति

| प्रमाण संकेत: सा.कि.नं. | प्रमाण संकेत: कारोबार व्यहोरा | गा.वि.स./न.पा. | वडा नं./नक्सा सिट | कित्ता नं. | विवरण (घर, आवादी, इत्यादि) | ज.ध.को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल रोपनी/व.मि. | मोठ/पाना नं. | कैफियत विवरण | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | फटकशिला | ३ | ६३ | आवादी | एकलौटी | आईकमान तामाङ | बारी | ५-१-०-१ | ६२ | श्री पशुपतिनाथ महास्थान गुठी | |
| | १ | | ३ | | राज गुठी रैतान नंबरी | | | सीम | २,६१२.४४ | ४ | | |

Nirjan
प्रिन्ट गर्नेको दस्तखत
प्रिन्ट मिति :-२०७४/०९/१४
रुजु गर्नेको दस्तखत :-

## अति विपन्न बाढी पीडित परिवारलाई राहत

बाढीबाट विस्थापीत भई शितलहरले प्रभावित सर्लाहीका २७ परिवारलाई आत्मनिर्भर केन्द्रले प्रति परिवार १ थान म्याट्रेस, १ थान ब्ल्याङ्केट, १ थान इमरजेन्सी लाइट र १ थान झुल वितरण गरेको छ ।



## बार्षिक समीक्षा सम्पन्न

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको आयोजनामा डिसेम्बर २३ र २४ मा चितवनको ठिमुरामा वार्षिक समीक्षा तथा मनन् प्रक्रिया सम्पन्न भएको छ । समीक्षामार्फत जनवरी देखि डिसेम्बर २०१७ सम्मको उपलब्धी, सिकाइ आदान–प्रदान र भावी रणनीतिका विषयमा छलफल भएको थियो । कार्यक्रममा २० जिल्ला मञ्चका प्रतिनिधी, साझेदार संस्थाका प्रतिनिधीहरु, आत्मनिर्भर केन्द्रका कर्मचारी र अभियन्ता सहित ६४ जनाको (३० महिला ३४ पुरुष) सहभागिता रहेको थियो । यस दुई दिने कार्यक्रममा पहिलो दिन भूमि अधिकार अभियानः छलफल र अन्तरक्रिया र दोस्रो दिन भूमि सुधारः अबको बाटो लगायत विषयमा छलफलमा भएको थियो । उक्त प्रक्रियामार्फत वर्षभरी सञ्चालन भएका अभियानको समीक्षा गर्दै आगामी रणनीतिहरु तयार गरिएको थियो ।

